# दैलेख


## जिल्ला खाद्य सुरक्षा बुलेटिन

अंकः १६

रिपोर्टिङ्ग अवधिः अप्रिल-जुन, २०१३ (मध्य चैत्र, २०६९-मध्य असार, ०७०)

पुर्वानुमान अवधिः मध्य जुलाई-मध्य नोवेम्बर, २०१३ (श्रावण-कार्तिक, ०७०)

### खाद्य सुरक्षा चरण वर्गिकरण नक्सा




### खाद्य असुरक्षित मानिसहरुको अनुमानित संख्या

| खाद्य सुरक्षा चरण ३ र ४ मा परेका गाविस (वडा) हरु | खाद्य सुरक्षा चरण ३ र ४ अनुमानित जनसंख्या |
|---|---|
| द्वारी (१-९) | २,४८० |
| भवानी (१-९) | २,१०० |
| कालीका (१-९) | २,४०० |
| तोली (१-९) | ३,३४५ |
| नौमूले (१-९) | १,७०० |
| चौराठा (१-९) | २,४०० |
| सल्लेरी (१-९) | ३,६०० |
| वालुवाटार (१-९) | ३,४०० |
| चामुण्डा (१-९) | ६,१४५ |
| पिपलकोट (१-९) | २,७०० |
| **जोखिममा परेका कूल जनसंख्या** | **३०,२७०** |
| **जिल्लाको कूल जनसंख्या** | **२६१,७७०** |

स्रोतः जिल्ला कृषि विकास कार्यालय/ जिल्ला खाद्य सुरक्षा सञ्जाल/स्थलगत अवलोकन

### चरण वर्गिकरण सूचकहरु *

| सूचकहरु | गाबिस समूह (cluster) | | |
|---|---|---|---|
| | A | B | C |
| ***उपलब्धता*** | | | |
| **हिउँदे बालीः** गहुँ (भिऱ्याइएको) | १ | २ | ४ |
| **वर्षे बालीः** पहिलो मुख्य बालीः मकै (हुर्कंदै) | १ | १ | १ |
| दोस्रो मुख्य बालीः धान (लगाईंदै) | १ | १ | १ |
| तेस्रो मुख्य बालीः कोदो (हुर्कंदैं) | १ | १ | १ |
| खाद्य वस्तुको घरेलु सञ्चिती | १ | २ | ३ |
| खाद्य वस्तुको बजार सञ्चिती | १ | १ | ३ |
| ***पहुँच*** | | | |
| खाद्यान्नको मूल्य | २ | २ | ३ |
| रोजगारी | १ | २ | ३ |
| गैर काष्ठ वन पैदावार | १ | २ | ३ |
| प्राकृतिक प्रकोप | १ | २ | ३ |
| नागरीक असुरक्षा | १ | १ | १ |
| बसाईसराईको स्थिति | १ | २ | ३ |
| निर्वाह पद्दति | १ | २ | ३ |
| ***उपयोगिता*** | | | |
| चरम कुपोषण | ३ | ३ | ३ |
| रोगव्याधी | १ | १ | १ |
| ***समग्र वर्गिकरण*** | १ | २ | ३ |
| ***चार महिनाकालागि पुर्वानुमान*** | ▶ | ▲ | ▲ |

* खाद्य सुरक्षामा सामान्य मेल भएको आधारमा गाबिसहरुको समूह बनाईएको छ। हरेक सूचकको वर्गिकरण सन्दर्भ सूचकको परिमाणात्मक माप संग मेल खाएको आधारमा गरिएको छ।

## खाद्य सुरक्षा विवरण

### हालको खाद्य सुरक्षा अवस्था

- CLuster C का दश गाविसहरु (कालीका, द्वारी, वालुवाटार, सल्लेरी, तोली, नौमूलू, चौराठा, भवानी, चामुण्डा, र पिपलकोट) चरण ३ अर्थात उच्चत्तम् खाद्य असुरक्षित (वा संकट) आस्थामा परेका छन्। यो अवस्थामा खाद्यान्न उपभोगको अभाव सामान्य भन्दा उच्च स्तरको हुने र घरधुरीहरुले जीविकोपार्जनका साधनहरुको द्रुत क्षय गरी न्यूनत्तम् मात्रामा मात्र खाद्यान्न आवश्यकता परिपूर्ति गर्ने सक्दछन्। संकटको यो अवस्थाबाट अनुमानित ३०,२७० मानिसहरु (६,३०० घरधुरीहरु) प्रभावित भएका छन्।

- Cluster C मा खाद्य असुरक्षाको अवस्थामा यस्तो ह्रास आउनाका मुख्य कारणहरुमा असिनापात र आँधिबेहरी जस्ता प्राकृतिक प्रकोप हो जसले गर्दा गहुँको उत्पादनमा करिब ८० प्रतिशतले क्षती पुगेको र यसैगरी तरकारीहरु र टिमुर जस्ता गैह्र काष्ठ वन पैदावारको बेचबिखनबाट हुने आम्दानी र अन्य नगदे बालीबाट हुने आम्दानीमा ४०-६० प्रतिशतले कमी आएको थियो। यी क्षेत्रहरुमा २०६९/७० मा मकैको उत्पादन पनि करिब ७० प्रतिशतले घटेको थियो।

- CLuster B का थप १९ गाविसहरु चरण २ अर्थात मध्यम्स्तरीय खाद्य असुरक्षित (वा अभाव) को अवस्थामा छन्। यो अवस्थामा घरधुरीहरुले परम्परागत निर्वाहपद्दतिका उपायहरु अपनाएर न्यूनत्तम् खाद्य आवश्यकता पूरा गर्ने तर, पछि परिपूर्ति नहुने खालका निर्वाह पद्दतिहरु नअपनाइकन केही गैह्र खाद्य खर्चहरु पूरा गर्न सक्दैनन्।

- Cluster C मा ३० प्रतिशत भन्दा बढी घरधुरीहरुमा एक महिना भन्दा कमका लागि मात्र पर्याप्त हुने खाद्य संचिती छ भने Cluster B मा ५० प्रतिशत भन्दा बढी घरधुरीहरुमा १-२ महिनाका लागि मात्र पर्याप्त हुने खाद्य संचिती छ।

- स्थानीय बजारमा खाद्य सचिती घट्दै छ भने मूल्य बृद्धि हुदैंछ। उदाहरणका लागि मोटा चामलको मूल्य २०-२५ प्रतिशतले बृद्धि भएको छ।

- ज्यालादारी रोजगारीको अवसरहरु जिल्ला सदरमुकाम र वरपरका गाविसहरुमा मात्र सीमित रहेका छन्। विश्व खाद्य कार्यक्रमको जीविकोपार्जन र सार्वजनिक सम्पत्ति निर्माण कार्यक्रम सकिएको हुनाले Cluster C का करिब ४,६०० घरधुरीहरुले रोजगारीका अवसरहरु गुमाएका छन्।

### खाद्य सुरक्षा पूर्वानुमान

-असोज महिनाबाट मकै बाली भिऱ्याइने हुनाले खाद्य सुरक्षा अवस्थामा सुधार आउने अनुमान छ। तरकारी, आलु, नगदे बाली, र पशुपन्छिबाट हुने आम्दानीले पनि खाद्य सुरक्षा अवस्थामा सुधार आउने अनुमान छ।

- मुख्य चाडपर्वहरु नजिकिदै गर्दा मौसमी बसाइसराई गएका मानिसहरुले साथमा विप्रेषण रमक लिएर आउने छन् जसले बजारको पहुँचमा सुधार आउने र बजारहरु पनि मनसुनी वर्षायाम सकिए पछि सुचारु हुने अनुमान छ।

- मनसुनी वर्षायाम पश्चात विकास कार्यक्रमहरु पुन सुरु हुने हुनाले ज्यालादारी रोजगारीका अवसरहरुमा सुधार आउने अपेक्षा गरिएको छ।

- विश्व खाद्य कार्यक्रमले जीविकोपार्जन तथा सार्वजनिक सम्पत्ति निर्माण कार्यक्रम मार्फत मध्य असार-मध्य कार्तिक २०७० अवधिमा १,७६७ घरधुरीहरुलाई २३८,२२ मेट खाद्यान्न उपलब्ध गराउने कार्यक्रम छ।

**खाद्य सुरक्षा चरण वर्गिकरणः**

- पहिलो चरण. न्यूनतम् खाद्य असुरक्षित- जीविकोपार्जनका पद्दतिहरु (उपायहरु) परिवर्तन नगरिकन घरधुरीहरुले खाद्य र गैर खाद्य आवश्यकताहरु पुरा गरिरहेको (धानि रहेको) अवस्था। यी घरधुरीहरु आफ्नो सामाजिक, प्राकृतिक तथा आर्थिक हैसियतका कारण विद्यमान खतरा, प्रकोप, संकट, माहामारी र द्वन्द वा हिंसाका कारण हुन सक्ने सानो स्तरका तनावहरु झेल्न सक्ने अवस्थामा हुन्छन्।
- दोस्रो चरण. मध्यमस्तिरीय खाद्य असुरक्षित (वा अभावको अवस्था)- घरधुरीहरुले परम्परागत निर्वाह पद्दति अपनाएर न्यूनतम् खाद्य आवश्यकताहरु परिपूर्ति गर्न सक्ने अवस्था, तर केही अत्यावश्यक गैर खाद्य आवश्यकताका लागि भने यी घरधुरीहरुले पछि परिपूर्ति गर्न नसकिने खालका निर्वाह पद्दतिहरु नअपनाइ उक्त आवश्यकता पूरा गर्न सक्दैनन्।
- तेस्रो चरण. उच्चतम खाद्य असुरक्षित (वा संकटको अवस्था): घरधुरीहरुमा साविकको तीव्र कुपोषण वा सो भन्दा माथिल्लो स्तरको कुपोषण निम्त्याउने खाद्य उपभोग अभावको अवस्था; जीविकोपार्जनका साधनहरु द्रुततर गतिमा रित्याएर (बेचबिखन गरेर) मात्र न्यूनत्तम् खाद्य आवश्यकता परिपूर्ति गर्ने अवस्था जसले गर्दा घरधुरीहरुलाई झनै बढी खाद्य उपभोग अभाव तर्फ धकेल्दै लैजान सक्ने हुन्छ।
- चौथो चरण. गम्भिर खाद्य असुरक्षित (वा आपतकालीन अवस्था):- घरधुरीहरुले जीविकोपार्जनका साधनहरु नगुमाइकन खाद्य तथा गैर खाद्य आवश्यकताहरु परिपूर्ति गर्न नसक्ने अवस्था। यस अवस्थाले अति उच्च स्तरको तीव्र कुपोषणलाई प्रेरित गर्दछ जसले उच्च रुग्णता र मृत्युदर बढाउनुका साथै औसत आयु घटाउदछ। यस अवस्थामा द्वन्दका कारण उच्च स्तरको हिंसा र हिंडडुलमा प्रतिबन्दको सम्भावना हुन्छ। तत्काल कार्यक्रम वा सहयोगको आवश्यकता रहेको अवस्था।
- पाचौ चरण.मानव आपतकालीन (अनिकाल वा भोकमरीको अवस्था):- सो क्षेत्रका प्राय सम्पूर्ण घरधुरीहरुमा खाद्यन्न र अन्य आधारभूत आवश्यकताहरुको चरम अभावको अवस्था जहाँ भोकमरी, अभाव, मुख्य स्रोतहरुको परिपूर्ति नहुने गरी क्षती भएको र मानव जीवनको क्षती प्रष्ट देखिन्छ। सम्पूर्ण घरधुरीहरु खाद्यान्न र अन्य आधारभूत आवश्यकताहरुको तीव्र अभावको चुनौतीमा हुन्छन्- खतरा, प्रकोप, माहामारी फैलिएको वा पूर्वाधारहरुको विनास र सेवाहरु अवरुद्ध भएको अवस्था। तत्काल मानवीय सहयोगको आवश्यकता।

**पूर्वानुमानः** ▲ सुधार हुने, ▶ यथावत रहने, ▼ बिग्रने

**जिल्ला खाद्य सुरक्षा संजालमा आवध्द सदस्य संस्थाहरुः सरकारी कार्यालयहरुः जिल्ला प्रशासन कार्यालय, जिल्ला कृषि विकास कार्यालय, जिविस, जिल्ला पशु सेवा कार्यालय, जिल्ला वन कार्यालय, जिल्ला शिक्षा कार्यालय, जिल्ला जनस्वास्थ्य कार्यालय, नेपाल खाद्य संस्थान, उद्योग वाणिज्य संघ, अ.गैस.सं.: Helvetas Nepal, CARE Nepal, REDP, WFP, NRCS गै.स.स महासंघ, गै. स. सं.: WEAF, SuDECC, Everest Club, MDI Nepal, LDF, NARC, SOSEC, SAHAS Nepal, SEWAK, FEDO, DCF, नागरीक समाज र कृषकहरु आदि।**

**यस जिला खाद्य सुरक्षा बुलेटिन लगायत खाद्य सुरक्षा सम्बन्धि अन्य जानकारीकालागि खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली (NeKSAP) को निम्न गुगल ग्रुप विद्युतीय ठेगानामा हेर्न सकिनेछ;**

https://sites.google.com/site/nefoodsec/

यो परियोजना युरोपियन युनियनको सहयोगमा संचालित छ। यस बुलेटिनमा प्रकाशित विचारहरुले युरोपियन कमिसनको विचारहरुलाई प्रतिबिम्वित गर्दछ भन्ने कुनै जरुरी छैन।